# पाँचपोखरी थाङ्गपाल पर्यटन प्रवर्द्धन समितिको ऐन, २०७४
## पाँचपोखरी थाङ्गपाल पर्यटन समितिको स्थापना र व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः**
गाउँपालिका भित्र रहेको प्राकृतिक तथा सांस्कृतिक सम्पदा एंव वातवरणको संरक्षण र सम्बर्द्धन गर्दै पर्यटन व्यवसायको विकास, विस्तार एंव प्रबर्द्धन गरी स्थानिय, राष्ट्रिय तथा अन्तर्राष्टिय रुपमा गाउँपालिकालाई एक आकर्षक र भरपर्दो पर्यटन स्थलहरुको रुपमा विकसित गरेर राष्ट्रिय उत्पादन, विदेशी मुद्रा आजर्न र रोजगारीका अवसरहरुको सृजनामा अधिकतम बृद्धि गर्नका निमित **पाँचपोखरी थाङ्गपाल पर्यटन प्रवर्द्धन समिति**को स्थापना गर्न र त्यसको कार्य सञ्चालन सम्बन्धी व्यवस्था गर्न बाञ्छनीय भएकोले गाउँ सभाबाट यो ऐन वनेको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"पाँचपोखरी थाङ्गपाल पर्यटन प्रवर्द्धन समितिको ऐन, २०७४"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(१) **"समिति"** भन्नाले दफा ३ बमोजिम स्थापना भएको पाँचपोखरी थाङ्गपाल पर्यटन पर्यटन प्रवर्द्धनसमितिको सम्झनुपर्छ ।

(२) **"समिति"** भन्नाले दफा ९ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनुपर्छ ।

(३) **"अध्यक्ष"** भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(४) **"उपाध्यक्ष"** भन्नाले समितिको उपाध्यक्ष सम्झनु पर्छ ।

(५) गाँउपालिका भन्नाले पाँचपोखरी थाङ्गपाल गाँउपालीका सम्झनु पर्छ ।

(६) **"सदस्य"** भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्याक्ष तथा सदस्य तथा सदस्य-सचिवलाई समेत जनाउँछ।

(७) **"पर्यटक"** भन्नाले राष्ट्रिय तथा अन्तराष्ट्रिय मुलुकबाट भ्रमणको लागि गाउँपालिकामा आउने गैर पालिका बासीलाई सम्झनु पर्छ ।

(८) **"पर्यटक व्यवसाय"** भन्नाले -

(क) पर्यटकहरुको निमित राष्ट्रिय वा अन्तर्राष्ट्रिय परिवहनको सेवा पुऱ्याउने कार्य ।

(ख) पर्यटकहरुलाई पाँचपोखरी थाङ्गपाल गाउँपालिका भित्र वा बाहिर कुनै पनि स्थानमा पूर्ण वा आंशिक रुपमा परिवहन, बसोबास, भ्रमण व्यवस्था, रेष्टुरेन्ट सेवा दृष्यावलोकन, पथ प्रर्दशन, पर्वतारोहण, पदयात्रा, जलयात्रा, तथा अन्य सहासिक एवं मनोरञ्जनात्मक सेवा पुऱ्याउने र सो वापत विदेशी मुद्रा आजर्न गर्ने प्रकृतिका कार्य ।

(ग) पर्यटकहरुलाई पूर्ण वा आंशिक रुपमा खुद्रा वस्तुहरु विक्री गर्ने कारोवार ।

(घ) उपखण्ड (क), (ख) र (ग) बमोजिमको कारोबार गरी पर्यटकहरुलाई आकर्षित गर्नको निमित पूर्ण वा आंशिक रुपमा कला, संस्कृतिको प्रस्तुति वा अन्य

कुनै प्रर्दशनी, आयोजना, मेला, प्रचार, प्रसार अभियान सञ्चालन गर्ने कार्यलाई समेत सम्झनु पर्छ ।

(९) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यो ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

**३. समितिको स्थापना :**

(१) राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा गाउँपालिकालाई एक आकर्षक पर्यटन स्थलको रुपमा स्थापित गरी पर्यटन व्यवसायको विकास, विस्तार तथा प्रबर्द्धन गर्नको लागि **पाँचपोखरी थाङ्गपाल पर्यटन प्रवर्द्धन समितिको** नामबाट एउटा समितिको गठन गरिने छ ।

(२) समितिको कार्यालय पाँचपोखरी थाङ्गपाल गाउँपालिकामा रहनेछ र समितिले आवश्यकता अनुसार गाउँपालिका भित्र वा बाहिर जुनसुकै स्थानमा आफनो शाखा तथा उपशाखा कार्यालयहरु खोल्न सक्नेछ ।

**४. समितिको उद्देश्य :**

समितिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकाको एक आकर्षक पर्यटन स्थलको रुपमा विकसित गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा परिचित गराउने ।

(ख) गाँउपालिका भित्र रहेका प्राकृतिक तथा सांस्कृतिक सम्पदा एवं वातावरणको संरक्षण सम्वर्द्धन गर्दै पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धन गर्ने ।

(ग) पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धनद्वारा स्थानिय उत्पादन तथा विदेशी मुद्रा आर्जनमा अभिवृद्धि गरी स्थानिय स्थरमा बढीभन्दा बढी रोजगारीका अवसरहरुको सृजना गर्ने ।

(घ) गाँउपालिकालाई सुरक्षित, भरपर्दो तथा आकर्षक पर्यटन स्थलको रुपमा विकसित गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा गाँउपालिकाको छविलाई उच्च एवं मर्यादित ढंगबाट स्थापित गर्ने ।

(ङ) पर्यटकहरुलाई गुणात्मक सेवा प्रदान गर्न पर्यटन व्यवसायमा देखापरेका स्थानिय स्तरका समस्याहरुको निराकरणका उपायहरु पत्ता लगाउन आवश्यकता अनुसार कार्यमूलक अनुसन्धान गर्ने, गराउने ।

(च) स्थानिय पर्यटन व्यवसायको विकासको लागि आवश्यक संस्थाहरुको स्थापना र विकास गर्न सघाउ पुऱ्याउने ।

(छ) यस गाउँपालिक भित्र रहेका पर्यटकिय स्थलहरुको खोज तथा अनुसन्धान गरी थप पर्यटकिय क्षेत्रको विकास गर्नका लागी प्रतिवेदन तयार गरी गाउँपालिका तथा सम्बन्धित निकायमा पेश गर्ने ।

## ५. समितिको काम, कर्तव्य र अधिकार :

समितिको, काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पर्यटन व्यवसायसँग सम्बन्धित कुनै पनि कारोबार गर्नको निमित्त गाँउपाकिकाको स्वीकृति लिई पर्यटन प्रवद्धन संग सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने । कुनै व्यक्ति, संस्था वा प्रतिनिधिको हैसियतले कार्य गर्ने ।

(ख) पर्यटन व्यवसायको स्थापना, सुधार, विकास, विस्तार, पर्यटन प्रवर्द्धनतथा संरक्षण गर्ने सम्बन्धमा पूर्वाधार विकास,

पर्यटन सेवा, सुविधा विस्तार, जनशक्ति विकास र पर्यटन स्थलहरुको पर्यावरण संरक्षण गर्ने कार्य समेतका सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

(ग) पर्यटकहरुका लागि सुविधा बृद्धि गर्ने कार्यक्रमको तर्जुमा गर्ने कार्यमा संलग्न भै गाँउपाकिकालाई एक आकर्षक पर्यटन स्थलको रुपमा विकसित गर्ने ।

(घ) पर्यटकहरुलाई सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायहरुको क्रियाकलापहरुमा समन्वय कायम गर्ने ।

(ङ) पर्यटन व्यवसायको विकास र विस्तारका लागि आवयश्यक पर्ने प्राविधिक एवं वित्तीय आधारहरु तयार पारी सोही अनुसार पर्यटन विकाससँग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने ।

(च) पर्यटक व्यवसायका विकास, विस्तार र पर्यटन प्रवर्द्धनगर्नको लागि पर्यटन सम्बन्धी विविध क्रियाकलापहरुमा निजी क्षेत्रको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने, गराउने ।

(छ) पर्यटनसँग सम्बन्धित विद्यमान भौतिक पूर्वाधारहरुको व्यवस्थित र प्रभावकारी ढंगले उपयोग गरी पर्यटकहरुलाई गाउँपालिका भित्रका धार्मिक र सांस्कृतिक महत्वका स्थलहरु, उच्च हिम श्रृंखलाहरु तथा मनोरम प्राकृतिक सौन्दर्यको दृश्यावलोकन गराउन निजी क्षेत्रलाई उत्प्रेरित गर्ने ।

(ज) गाँउपाकिकालाई एक ऐतिहासिक र साहसिक तथा आकर्षक पर्यटन केन्द्रको रुपमा विकसित गर्दै लैजाने र जल, स्थल र वायुमा आधारित मनोरञ्जनपूर्ण तथा साहसिक पर्यटन सम्बन्धी क्रियाकलापहरुलाई मौलिक संस्कृति र परम्परामा प्रतिकूल असर नपर्ने गरी

गाउँपालिकाका विभिन्न भागहरुमा सञ्चालन गर्ने, गराउने र त्यस्ता साहसिक पर्यटन सम्बन्धी कृयाकलापहरु सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।

(झ) स्थानिय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा-सम्मेलन, व्यापार मेला, सांस्कृतिक तथा युवा महोत्सव, खेलकूद प्रतियोगिता लगायत अन्य रचनात्मक तथा प्रवर्द्धनात्मक पर्यटकीय उत्पादनसँग सम्बन्धित क्रियाकलापहरु आफैँले सञ्चालन गर्ने र निजी क्षेत्रलाई समेत त्यस्ता क्रियाकलापहरु सञ्चालन गर्न प्रोत्साहित गर्ने ।

(ञ) ऐतिहासिक महत्व भएका स्थलहरु तथा मठ मन्दिर, गुम्बाहरुको संरक्षण सम्बन्धी विविध क्रियाकलापहरुमा स्थानीय जनसमुदायको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने ।

(ट) पर्यटन पूर्वाधार तथा सुविधाहरुको सुदृढीकरण गर्दै नयाँ पर्यटन स्थलहरुको विकास गर्दा पनि खास गरी ग्रामीण पर्यटन स्थलहरुको विकासलाई प्राथमिकता दिने र ग्रामीण पर्यटन विकासका विविध कार्यक्रमहरु सञ्चालन गर्न स्थानीय ग्रामीण समुदायलाई उत्प्रेरित गर्ने ।

(ठ) नयाँ पर्यटन स्थलहरुको पूर्वाधार निर्माण र विकासमा लगानी वातावरण सृजना गर्ने ।

(ड) धार्मिक तीर्थस्थलहरुको संरक्षण तथा सम्वर्द्धन गरी धार्मिक पर्यटनको विकास गर्नका लागि धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरुमा पर्यटकहरु बढी आकर्षित हुने गरी सुविधाहरु विस्तार गर्नुका साथै यस्ता स्थलहरुलाई अन्तर्राष्ट्रिय धार्मिक केन्द्रको रुपमा विकसित गर्ने, गराउने ।

(ढ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन उद्गम बजारहरुमा प्रतिस्पर्धात्मक रुपमा पर्यटन पर्यटन प्रवर्द्धनगरी

गाँउपाकिकालाई देश तथा विश्व कै एक प्रमुख पर्यटन केन्द्रका रुपमा विकसित गर्ने, गराउने ।

(ण) वन्यजन्तु अवलोकन जस्ता पर्यटनको विकास र पर्यटन प्रवर्द्धनगर्ने ।

(त) छिमेकी स्थानिय सरकार, प्रदेश तथा केद्रिय सरकारसँग समन्वय गरी पारस्परिक लाभमा आधारित पर्यटन सम्बन्धी गतिविधिहरुमा बृद्धि गर्ने ।

(थ) पर्यटन जन चेतनाको लागि विभिन्न तहमा प्रचार-प्रसार कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

(द) पर्यटन व्यवसायीहरुबाट पर्यटकहरुलाई प्रदान गरिने सेवा तथा सुविधाहरुलाई स्तरीय बनाई पर्यटकहरुको सुरक्षाका लागि समेत विशेष व्यवस्था गर्ने ।

(ध) पर्यटक सेवा र सुविधाहरुको गुणस्तर बृद्धि गर्नको लागि पर्यटन व्यवसायीहरुलाई आ-आफ्ना व्यवसायिक संघहरु मार्फत आचार संहिता लागू गराउने ।

(न) पर्यटन व्यवसायमा संलग्न रहेका व्यक्ति वा संस्थाहरुलाई प्राविधिक ज्ञान प्रशिक्षण तथा प्राविधिक सहयोग प्रदान गर्ने सम्बन्धमा आवश्यक तालिम तथा प्रशिक्षण दिने कार्यमा सहयोग पुऱ्याउने ।

(प) पर्यटन व्यवसायको विकास गर्नको लागि स्थानिय तहमा गठित पर्यटनसँग सम्बन्धित संघ संस्थालाई समय-समयमा आवश्यक सुझाव तथा परामर्श दिने ।

(फ) पर्यटन व्यवसायसँग सम्बन्धित निकायहरुले अपनाउनु पर्ने गुणस्तरलाई नियमित गरी त्यस्तो गुणात्मक सेवा प्रदान नगर्ने निकायहरुलाई प्रचलित कानून बमोजिम कारवाही चलाउनको निमित्त गाउँपालिकालाई अनुरोध गर्ने ।

(ब) पर्यटक तथा पर्यटन व्यवसायीहरुलाई पर्यटनसँग सम्बन्धित विषयहरुका सम्बन्धमा आवश्यक सेवा तथा परामर्श प्रदान गर्ने, गराउने ।

(भ) पर्यटन, प्रवर्द्धन, पूर्वाधार विकास, पर्यटन सेवा, सुविधा विस्तार गर्नको लागि केन्द्रिय, प्रादेशिक तथा स्थानिय सथै अन्य सरकारी स्वामित्व भएको संस्था वा गैर सरकारी संस्थाबाट प्राप्त भएको रकम सोही कार्य गर्नको निमित्त खर्च गर्ने वातावरण सृजना गर्ने ।

(म) स्थानिय तथा स्वदेश पर्यटकहरुलाई आवश्यक सेवा तथा सुविधा उपलब्ध गराउनको लागि सहयोग गरी आन्तरिक पर्यटनको विकासमा सहयोग पुऱ्याउने ।

(य) पर्यटन प्रवर्द्धनमा सघाउ पुऱ्याउने कारोबारमा पूँजी लगानीको वातावरण सृजना गर्ने ।

(र) यस गाउँपालिकाको पर्यटन प्रवद्धन गर्न आवश्यक पर्ने नीति नियम निर्माण गर्न गाउँपालिकालाई आवश्यक सल्लाह सुझाब दिन र आवश्यक स्रोत जुटाउन पहल गर्ने ।

(ल) समितिको वार्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट निर्माण गरी गाउँ पालिकामा पेश गर्ने ।

(व) पर्यटन व्यवसायको विकास, विस्तार र पर्यटन प्रवर्द्धनसम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने, गराउने ।

**६. समितिले आवश्यक सेवा शुल्क लिन सक्ने :**

समितिले पर्यटन तथा पर्यटन व्यवसायहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रदान गरेको परामर्श तथा सेवा वापत गाउँपालिकाले तोकिए बमोजिमको सेवा शुल्क लिन सक्नेछ ।

## परिच्छेद - ३

**७. समितिको गठन** :

(१) समितिको उद्देश्य प्राप्तिको लागि आवश्यक कार्यक्रमहरु सुव्यवस्थित रुपले सञ्चालन गर्न, गराउन र समितिका सम्पूर्ण काम कारवाहीहरुको रेखदेख तथा प्रबन्ध गर्नको लागि एक कार्यकारी समितिको गठन हुनेछ ।

(२) समितिमा देहायका सदस्यहरु रहनेछन् :

(क) गाउँ कार्यपालिकाले तोकेको व्यक्ति - अध्यक्ष

(ख) गाउँकार्यपालिकाले मनोनित गरेको सदस्य एकजना - उपाध्यक्ष

(ग) पर्यटन पर्यटन प्रवर्द्धनगर्ने कार्यमा संलग्न रहेका पर्यटन व्यवसायी, पर्यटन तथा प्राकृतिक एवं सांस्कृतिक सम्पदासँग सम्बन्धित विशेषज्ञहरु मध्येबाट गाँउ कार्यपालिकाले दफा ७ को अधीनमा रही मनोनित गरेका एक जना महिला सहित ५ जना - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम मनोनित सदस्यहरुको पदावधि ५ वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरु पुनः एक पटकको लागि मनोनित हुन सक्नेछन् ।

(४) समितिले आवश्यक देखेमा कुनै स्वदेशी विशेषज्ञ, सल्लाहकार वा पर्यटन व्यवसायसँग सम्बन्धित लब्ध प्रतिष्ठित व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) गाउँपालिकाको अध्यक्ष यस समितिको संरक्षक रहनेछन् ।

## ८. समितिको बैठक र निर्णय :

(१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । तर अध्यक्षले चाहेमा सो भन्दा अगावै पनि समितिको बैठक बोलाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक तिहाई सदस्यहरुले समितिको
बैठक बोलाउनको लागि लिखित रुपमा माग गरेमा तीस दिनभित्र समितिले सदस्य सचिवले समितिको बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरुको सूची बैठक बस्नुभन्दा २४ घण्टा अगावै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुबैको अनुपस्थितिमा सदस्यहरुले आफु मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको कूल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिको निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवद्धारा प्रमाणित गरिनेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## ९. समितिको काम, कर्तव्य र अधिकार :

(१) यो नियमावली र यस नियमावली अन्तर्गत बनेको विनिमयको अधीनमा रही समितिले गर्नुपर्ने सम्पूर्ण काम कारवाहीहरु तथा समितिलाई प्राप्त सम्पूर्ण अधिकारहरुको प्रयोग तथा कर्तव्यको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित काम, कर्तव्यको अतिरिक्त समितिको उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्यहरु गर्नु समितिको कर्तव्य हुनेछ ।

## १०. उप- समिति गठन गर्न सक्नेः

(१) समितिले आफ्नो कार्य सञ्चालन गर्नको लागि आवश्यकतानुसार उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिहरुको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यावधि समितिले तोके बमोजिम हुनेछ ।

# परिच्छेद-४
# विविध

## ११. समितिको सिफारिस वा सल्लाह लिन सक्ने :

(१) पर्यटन व्यवसायसँग सम्बन्धित कुनै व्यवसाय सञ्चालन गर्ने अनुमतिको निमित कुनै व्यक्तिले निवेदन दिएमा समितिको सिफारिसमा गाउँपालिकाले अनुमति दिनेछ ।

(२) कसैले होटल सञ्चालन गर्न अनुमतिको निमित्त व्यक्तिले निवेदन दिएमा समितिले अनुमति दिनेछ ।

**१२. बार्षिक प्रतिवेदन :**

(१) कार्यकारी प्रमुखले बोडको काम कारवाहीको समितिको सचिबले समितिको बार्षिक प्रगती प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले २ महिनाभित्र गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) कार्यकारी प्रमुदले उपदफा (१) मा उल्लेख भए बमोजिमको समितिको बार्षिक प्रतिवेदन प्रत्येक बर्ष सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

**१३. बैठक भत्ता :**

सदस्यहरुले समितिको बैठकमा उपस्थित भए वापत प्रत्येक तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन् ।

**१४. गाउँपालिकासँग सम्पर्क :**

समितिले गाउँपालिकासँग सम्पर्क राख्दा पर्यटन तथा संस्कृति विभाग मार्फत राख्नु पर्नेछ ।

**१५. बचाउ तथा बाधा अड्काउ फुकाउने अधिकार :**

१५.१ यस नियमावलीमा जुन सुकै कुरा लेखिएको भएता पनी नेपालको संविधान, संघ, प्रादेशिक तथा स्थानीय कानुनसँग बाझिएको हदसम्म स्वत निष्कृय हुनेछ ।

१५.२ यो नियमावली कार्यन्वयन गर्न कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउन गाउँकार्यपालिकाले आवश्यक सम्झेको आदेश जारी गर्न सक्नेछ ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत